# विनियोजन ऐन, २०७५

## सुन्दरहरैंचा नगरपालिका मोरङको आर्थिक बर्ष २०७५।०७६ को सेवा र कार्यका लागि स्थानीय संचित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा बनेको ऐन,

**सभाबाट स्वीकृत मिति २०७५।०३।१०**

**प्रस्तावनाः**

सुन्दरहरैंचा नगरपालिका मोरङको आर्थिक बर्ष २०७५।०७६ को सेवा र कार्यहरूको लागि संचित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न बान्छनिय भएकोले, नेपालको संविधानको धारा २२९ को उपधारा २ बमोजिम सुन्दरहरैंचा नगरपालिका मोरङको नगर सभाले यो ऐन बनाएको छ।

**१. संक्षिप्त नाम र प्रारम्भः**

१) यस ऐनको नाम सुन्दरहरैंचा नगरपालिका मोरङ को विनियोजन ऐन २०७५ रहेको छ।

२) यो ऐन तुरन्त प्रारम्भ हुने छ।

२) आर्थिक बर्ष २०७५।०७६ को निमित्त नगर कार्यपालिका, वडा समिति, बिषयगत शाखाले गर्ने सेवा र कार्यह/का निमित्त अनुसूची मा उल्लेखित चालू खर्च पुजीगत खर्च र वित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रू ७९,११,६३,०००।०० (अक्षरेपी रूपैया उनासी करोड एघार लाख त्रिसठ्ठी हजार ) मा नबढाई निर्दिष्ट गरिए बमोजिम संचित कोषबाट खर्च गर्न सकिने छ।

**३. विनियोजनः**

१) यस ऐनबाट संचित कोषबाट खर्च गर्न अधिकार दिएको रकम आर्थिक बर्ष २०७५।०७६ को निमित्त सुन्दरहरैंचा नगरपालिका मोरङको नगर कार्यपालिका वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यह/को निमित्त विनियोजन गरीने छ।

२) उपदफा १ मा जुनसुकै कुरा लेखिएको भएता पनि कार्यपालिका वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरूको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा नगर कार्यपालिकाले बचत हुने शिर्षक बाट नपुग हुने शिर्षकमा रकम सार्न सक्ने छ । यसरी रकम रकमान्तर गर्दा कार्यपालिकाले स्वीकृत बार्षिक बजेटको अधिनमा रही कुनै शिर्षकबाट पूजीगत शिर्षकमा पच्चिस प्रतिशतमा नबढाई रकमान्तर गर्न सकिने छ । उल्लेखित रकम रकमान्तर गर्दा १० प्रतिशतसम्म प्रमुख प्रशासकीय अधिकृतस्तरको निर्णयबाट, १५ प्रतिशत सम्म नगरप्रमुख स्तरीय निर्णयबाट हुने छ भने सो भन्दा बढि २५ प्रतिशत सम्म रकमान्तर गर्नु परेमा कार्यपालिका बैठकबाट रकमान्तर गर्न सकिने छ । एक पटक रकमान्तर गरे पश्चात सोही शिर्षकमा पुन रकमान्तर गर्न पाईने छैन । पूजीगत खर्च र वित्तिय व्यवस्था तर्फ विनियोजित रकम सावा भुक्तानी खर्च र ब्याज भुक्तानी खर्च शिर्षकमा बाहेक अन्य चालू खर्च शिर्षक तर्फ सार्न र वित्तिय व्यवस्था अन्तर्गत सावा भुक्तानी खर्च तर्फ विनियोजित रकम व्याज भुक्तानी खर्च शिर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन । तर पूजीगत खर्च र बित्तीय व्यवस्थापन खर्च व्यहोर्ने १ श्रोत बाट अर्को श्रोतमा रकम सार्न सकिने छ ।

३) उपदफा २ मा जुनसुकै कुरा लेखिएको भए तापनि एक शिर्षकबाट सो शिर्षकको जम्मा स्वीकृत रकमको २५ प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढि शिर्षकहरूमा रकम सार्नु परेमा नगर सभाको स्वीकृति लिनु पर्ने छ ।

**४) खर्च अनुमोदनः**

१) आ.व. २०७४।०७५ को लागि स्वीकृत कार्यक्रममा क्षेत्रगत मात्र विनियोजन भई कार्यक्रम/ क्रियाकलापगत बिभाजन हुन बाकी रहेका बजेट तथा कार्यक्रम कार्यन्वयन गर्न नगर कार्यपालिका नगरप्रमुख तथा प्रशासकीय प्रमुखको निर्णयबाट स्वीकृत गराईएका कार्यक्रम क्रियाकलाप र बजेट विनियोन तथा खर्च यसै ऐन बमोजिम भएको मानिने छ ।

२) आ.व. २०७५।०७६ का लागि स्वीकृत बजेट तथा कार्यक्रममा क्षेत्रगत वा शिर्षकगत मात्र विनियोजन भएको वा उक्त विनियोजनलाई कार्यक्रमगत तथा क्रियाकलापगत रूपमा बजेट विनियोजन नगर कार्यपालिका/नगरप्रमुख/प्रमुख प्रशासकीय अधिकृत बाट क्रियाकलापगत विनियोजन गरी खर्च गर्न सकिने छ।

३) उपदफा २ बमोजिम भएको विनियोजनलाई नगरसभाको बैठकबाट अनुमोदन गराउनु पर्नेछ।